म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २६५ मंगलबार २६ बैशाख २०८० ने. सं. ११४३ बछलागा 9 May 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

**D Pharma** - २ जना
**B Pharma** - २ जना


**तलब:** आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**
**मकवानपुर सहकारी अस्पताल**
हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४१२७००९

## सांसद बन्ने बिन्दवासिनीको सपना अधुरै

साझाकुरा संवाददाता

हेटौंडा, २५ बैशाख/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को निर्णय र सिफारिसका आधारमा ढाकाकुमार श्रेठको स्थानमा आइतबार नै हेटौंडाकी विन्दाबासिनी कसांकारलाई सांसद बनाइएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टीले श्रेष्ठलाई कारबाही गरेर उनको ठाउँमा कसांकारलाई सांसद बनाउन निर्वाचन आयोगमा बुझाएको पत्रअनुसार उनलाई आइतबार प्रमाणपत्र दिइएको हो ।



सर्वोच्च अदालतले ढाकाकुमार श्रेष्ठले दिएको रिट निवेदनमा सोमबार अल्पकालीन आदेशमार्फत् उनको पद तत्काल नजाने भनेपछि बिन्दवासिनीको सांसद बन्ने सपना अधुरै रहन गएको हो । निर्वाचन आयोगको राजनीतिक दल व्यवस्थापन शाखा प्रमुख गुरुप्रसाद वाग्लेले श्रेष्ठ निलम्बित भएपछि उनको ठाउँमा रास्वपाले कसांकारलाई सांसद बनाउन पत्राचार गरेको र सो पत्रअनुसार आयोगले निर्णय गरेर प्रमाणपत्र दिएको जानकारी दिएका छन् ।

उनले विन्दाबासिनी कसांकार सांसद हुने निर्णय आयोगले गत वैशाख २१ गते गरेको जानकारी दिए । सर्वोच्च अदालतले ढाकाकुमारले दिएको रिट निवेदनमा सोमबार अल्पकालीन आदेशमार्फत उनको पद तत्काल नजाने भनेको छ । आयोगका अनुसार एउटा पदमा दुई जना सांसद भएपछि सर्वोच्चको अन्तिम फैसला नहुँदासम्म कसांकार निर्वाचित भएको मान्न भने सकिँदैन । 'संघीय संसदमा उहाँको (कसंकार) को सपथ हुन सक्दैन', संघीय संसद सचिवालय श्रोतले भन्यो, 'कसांकारको सपथ अहिले नै हुँदैन ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को निर्णय र सिफारिसका आधारमा ढाकाकुमार श्रेठको स्थानमा आइतबार नै विन्दाबासिनी कसांकार लाई सांसद बनाएको हो । राष्ट्रिय स्वतन्त्र पार्टीले श्रेष्ठलाई कारबाही गरेर उनको ठाउँमा कसांकारलाई सांसद बनाउन निर्वाचन आयोगमा बुझाएको पत्रअनुसार उनलाई आइतबार प्रमाणपत्र दिइएको र निर्वाचित भएको जानकारी संघीय संसदलाई समेत दिएको आयोगले जनाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिक सांसद ढाकाकुमार श्रेष्ठलाई पदमुक्त गरेको सम्बन्धमा सर्वोच्च अदालतले विपक्षीका नाममा कारण देखाउ आदेश जारी गरेको छ ।

श्रेष्ठले सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदनमाथि सोमबार प्रधानन्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासमा सुनुवाइ भएको हो । इजलासले श्रेष्ठलाई पदमुक्त गर्नुको कारणबारे लिखित जवाफ दिन विपक्षीका नाममा आदेश जारी गरेको छ ।

इजलासले लिखित जवाफ आएपछि अन्तरिम आदेशबारे दुवै पक्षलाई बोलाएर छलफल गर्ने गरी त्यतिन्जेलसम्म उनीमाथिको कारवाही कार्यान्वयन नगर्न र नगराउन विपक्षीका नाममा अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो । दुई करोड रुपैयाँ बार्गेनिङ गरेको अडियो सार्वजनिक भएसँगै रास्वपाले श्रेष्ठमाथि साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको थियो ।

पार्टीको सिफारिसका आधारमा सांसद बन्न लागेकी कंसाकार एसिड आक्रमण पीडित हुन् । उनीमाथि २०७० सालमा एसिड आक्रमण भएको थियो । उनीमाथि आक्रमण गर्ने भारतीय नागरिक कमलराज केंसारलाई ६ वर्षपछि प्रहरीले पक्राउ गरेको थियो । एसिड आक्रमणमा पर्दा कंसाकार 'प्लस टु'मा अध्ययनरत थिइन् । उनी हेटौंडास्थित कुमारी बैंकमा जागिर खाँदै रास्वपाको उदयसँगै राजनीतिमा लागेकी हुन् ।

## 'टुक्रे योजनामा बजेट हाल्नु प्रदेश सरकारको बाध्यता'

साझाकुरा संवाददाता

हेटौंडा, २५ बैशाख/ विगतको प्रदेश सरकारले टुक्रे योजना निर्माणका कारण निकै आलोचना खेप्नु परेको अवस्थामा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले बाध्यता रहेको बताएका छन् ।

माथिल्ला सरकारले साना योजनामा हात हाल्दा स्थानीय तहलाई काम गर्न असहज भएको गुनासो आइसकेको समयमा बागमती प्रदेशका मुख्यमन्त्री जम्कट्टेलले साना योजनामा बजेट राखेर काम गर्नु प्रदेश सरकारको बाध्यता भएको बताएका हुन् । हेटौंडामा सोमबार भएको प्रदेशस्तरीय वित्तीय संघीयता र स्थानीय तह योजना तर्जुमासम्बन्धी अर्न्तक्रियालाई संबोधन गर्दै मुख्यमन्त्री जम्कट्टेलले साना योजनाको काम प्रदेश सरकारले गरिदिन्छ भन्ने विश्वासमा आउने कामका लागि बजेट राख्नुपर्ने बाध्यता रहेको बताए ।

स्थानीय तहमा श्रोत साधनको कमी हुने भएकाले पालिका अध्यक्षदेखि सांसदसम्मका व्यक्ति प्रदेश सरकारको विश्वास लिएर आउने अवस्था अहिलेसम्म पनि रहेकाले टुक्रे योजनामा बजेट राख्नु पर्ने अवस्था सरकारको रहेको उनले बताए । 'कानुनले तह अनुसार योजनाहरु बाँडफाँड भए पनि काम गर्दै जाँदा तल्लो तहसम्म पुग्नुपर्ने बाध्यता रहेको छ ,' उनले भने । संविधान अनुसार राष्ट्रिय महत्वका योजना संघले, मझ्यौला खालका योजना प्रदेशले र अन्य योजना स्थानीय तहले गर्ने भने पनि समन्वयको अभावमा तोकिएका कुरा हुन नसकेको स्वीकारे ।




मुख्यमन्त्री जम्कट्टेलले समन्वय अभावलाई कारण देखाइरहँदा प्रदेश सरकारले भने समन्वय बैठक २ वर्षदेखि राख्न सकेको छैन ।

'स्थानीय तहमा एक वडालाई बढीमा १ करोडसम्मका योजना रहेका छन्, अहिले हिजोको एक पालिका अहिले एक वडा बराबर रहेको छ, तोकिएको बजेटले पुग्दैन अनि पालिका अध्यक्ष, वडाअध्यक्ष, सांसद, पार्टीका नेता सबै साना योजना खोज्दै प्रदेश सरकार समक्ष आउने हुँदा साना योजनामा सरकारले बजेट राख्नुपर्ने बाध्यता रहेको मुख्यमन्त्री जम्कट्टेलले स्पष्ट पारेका छन् । यस्तो अवस्थाले स्थानीय सरकारमा बजेटको अभाव रहेको प्रष्ट देखिने उनको भनाई छ । उनले सरकार अब साना योजनालाई नियन्त्रण गर्ने तयारीमा लागेको बताए ।

बाँकी पृष्ठ-४ मा....

## उद्यमशीलता प्रदर्शनी र नृत्य प्रतियोगिता गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, २५ बैशाख/ हेटौंडामा बृहत उद्यमशीलता प्रदर्शनी तथा नृत्य प्रतियोगिता हुने भएको छ । हेटौंडा-४ नम्बर वडा कार्यालयको आयोजना तथा टोल विकास संस्था नगर समन्वय समितिको व्यवस्थापनमा वृहत उद्यमशीलता प्रदर्शनी तथा नृत्य प्रतियोगिता हुन लागेको हो ।

बृहत उद्यमशीलता प्रदर्शनी तथा नृत्य प्रतियोगिता आगामी ५ जेठमा आयोजना गरिने सोमबार पत्रकार सम्मेलन गर्दै ४ नम्बर वडाअध्यक्ष नवीन सिग्देलले जानकारी दिए । स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने र सांस्कृतिक कार्यक्रमबाट राष्ट्रिय उजागर गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागेको वडाध्यक्ष सिग्देलले बताए । प्रदर्शनीमा सहभागीहरुको मूल्यांकनको आधारमा प्रथम हुनेलाई नगद २५ हजार रुपैयाँ, द्वितीय हुनेलाई १५ हजार रुपैयाँ, तृतीय हुनेलाई नगद १० हजार रुपैयाँ र सान्तवना हुने २ वटालाई नगद ५ हजार रुपैयाँ प्रदान गरिने भएको छ ।

टोल विकास संस्था नगर समन्वय समिति हेटौंडाका सचिव राजेन्द्र चौलागाईको संयोजकत्वमा व्यवस्थापन मुल समिति रहेको छ । यसैगरी नृत्य प्रतियोगितामा प्रथम हुनेलाई नगद ५० हजार रुपैयाँ, द्वितीय हुनेलाई नगद ३५ हजार रुपैयाँ, तृतीय हुनेलाई नगद २० हजार रुपैयाँ र सान्त्वना हुनेलाई नगद १० हजार रुपैयाँ २ वटा समूहलाई प्रदान गरिने छ । नृत्य प्रतियोगिताको लागि एक वडाको एक टिमको दर्ता शुल्क १ हजार रुपैयाँ तोकिएको छ । नृत्य प्रतियोगिताको व्यवस्थापन समितिको संयोजकमा हरिगोपाल सापकोटा रहेका छन् ।

कार्यक्रमको अबसरमा राष्ट्रिय लोकदोहोरी गायक बद्री पंगेनीको पनि प्रस्तुती रहने आयोजकले जानकारी दिएको छ ।

**केदारनाथ सुनचाँदी पसल**

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

**प्रो. राहुल सुनार**

मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

**पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.द्वारा संचालित बस सेवा**

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

**यात्रु महानुभावहरूलाई खुसीको खबर !**

२०८० बैशाख २ देखि




- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौं गंगबु बसपार्कसम्म दैनिक बिहान ७ बजे
- गंगबु बसपार्क काठमाडौंबाट हेटौंडासम्म दैनिक बिहान ६:३० बजे
- कलंकीबाट ठिंगन हुँदै हेटौंडासम्म दैनिक बिहान ६:४५ बजे
- काठमाडौं सातदोबाटोबाट हेटौंडासम्म दैनिक बिहान ७ बजे

सम्पर्क:
०५७-५२१९९४, ९८५५०६७६५५, ९८५५०७१६२५, ९८४५०७६७६३

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**घडेरीहरु बिक्रीमा**

जिल्ला : मकवानपुर
हेटौंडा उपमहानगरपालिका
वाड नं. १

मुकुन्द कार्की :
९८५१०८९६३४,
९८०१०९८८६९

